घोडाघोडी स्थानीय राजपत्र

**घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित**

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक ३६ | २०७६ फाल्गुन २५ गते |
|---|---|---|---|

**घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।११।२५ मा स्वीकृत भएको सामुदायिक विद्यालयलाई शिक्षक (शैक्षिक) व्यवस्थापन अनुदान वितरण निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ।**

## प्रस्तावना :

नेपालको संविधान २०७२ को अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज ले दिएको अधिकार कार्यान्वयन गर्नका लागि दरवन्दी/राहत अनुदान कोटा कम भएका र अत्याधिक विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुमा शिक्षक व्यवस्थापन कार्य गर्नका लागि शिक्षक ( शैक्षिक) व्यवस्थापन अनुदान वितरण निर्देशिका २०७६ मिति २०७६।११।२५ गतेको कार्यपालिका बैठकवाट स्वीकृत गरि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम “सामुदायिक विद्यालयलाई शिक्षक ( शैक्षिक )व्यवस्थापन अनुदान वितरण निर्देशिका २०७६” रहेकोछ।

(२) यो कार्यविधि घोडाघोडी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो निर्देशिका तुरुन्तप्रारम्भ हुनेछ।

२. परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) “कार्यपालिका” भन्नाले घोडाघोडी नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ख) “नगरपालिका” भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्छ।

(ग) “नगर शिक्षा समिति” घोडाघोडी नगरपालिकामा गठित नगर शिक्षा समितिभन्ने सम्झनु पर्दछ।

(घ) “शिक्षाअधिकृत” भन्नाले घोडाघोडी नगरपालिकाको शिक्षाशाखाको प्रमुखवा सो प्रमुखको कामकाजगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

घोडाघोडी स्थानीय राजपत्र

(ङ) “शाखा” भन्नाले घोडाघोडी नगरपालिकामा रहेको शिक्षायूवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(च) “सामुदायिकविद्यालय” भन्नाले नेपाल सरकारवाट वानगरपालिकावाट अनुमतिपाई अनुदानप्राप्तगर्ने विद्यालयभन्ने सम्झनु पर्दछ ।

## परिच्छेद
## दुई

### अनुदान वितरणका आधारहरु

(१) शिक्षायूवा तथा खेलकुद शाखाले सामुदायिक विद्यालय र ती विद्यालयहरुमा शिक्षक उपलब्धताको विवरण नगर शिक्षा समितिका पेस गर्नुपर्नेछ ।

(२) नगर शिक्षा समितिले शाखाले पेस गरेको विवरणका आधारमा तपसिल बमोजिम अनुदान वितरण गर्न सक्नेछ ।

(क) माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुका लागि हाल सम्म एउटा पनि दरवन्दी/राहतअनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई एक जना स्वयंसेवक शिक्षकको लागि न्यूनतम मासिक १८०००( अठार हजार) का दरले १२ महिनाको हुनआउने रकम र १ वटा मात्र दरवन्दी/राहत अनुदानकोटा प्राप्त गरेका विद्यालयहरुलाई मासिक रु १०००० ( दशहजार ) का दरले १२ महिनाको हुनआउने रकम ।

(ख) आधारभूततह (कक्षा १ देखी ८ सम्म ) सञ्चालित विद्यालयहरुहमा हाल सम्म एउटा पनि दरवन्दी/राहत अनुदानकोटा प्राप्त नगरेका विद्यालयहरुलाई एक जना स्वयंसेवक शिक्षकको लागि न्यूनतम मासिक १५०००( पन्ध्र हजार का दरले १२ महिनाको हुनआउने रकम र १ वटा मात्र दरवन्दी/राहत अनुदानकोटा प्राप्त गरेका विद्यालयलाई मासिक ८००० (आठ हजार) का दरले १२ महिनाको रकम।

(ग) प्राथमिक तह सञ्चालित विद्यालयहरुमा हाल सम्म एउटा पनि दरवन्दी/राहत अनुदानकोटा प्राप्त नगरेका विद्यालयहरुलाई एक जना स्वयंसेवक शिक्षकको लागि न्यूनतम मासिक १३५००( तेह्र हजार पाच सय ) का दरले १२ महिनाको हुनआउने रकम र १ वटा मात्र दरवन्दी/राहत अनुदानकोटा प्राप्त गरेका विद्यालयहरुलाई मासिक रु ७०००( सात हजार)का दरले १२ महिनाको हुनआउने रकम ।

(घ) अन्य सम्पूर्ण विद्यालयहरु ( आर्थीक अवस्थाकमजोर भएका) लाई प्रतिविद्यार्थी संख्याका हिसावले प्रतिकक्षा ५० जनाभन्दा वढी विद्यार्थीहरु ( तहगत रुपमा) का लागि प्रतिविद्यार्थी वार्षिक रु ५०० (पाच सयका दरले ) हुनआउने रकम विद्यालयलाई शिक्षक( शैक्षिक) व्यवस्थापनका लागि अनुदान दिने

नोट ( घ) बमोजिम रकम वितरण गर्दा विनियोजन गरेको रकम अपुग हुन गएकामा वढी भएका विद्यार्थीहरुलाई आधार मानी दामासायीका दरले हुनआउने रकम निकासा दिन सकिने छ ।

घोडाघोडी स्थानीय राजपत्र

**आज्ञाले :**

**प्रमुख प्रशासकीय अधिकृत**

घोडाघोडी स्थानीय राजपत्र